# मिथिला नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## ढल्केवर, धनुषा
## प्रदेश नं. २, नेपाल

मिथिला नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ढल्केवर, धनुषा (जिल्ला)
२ नं. प्रदेश, नेपाल

पत्र संख्याः- ०७४।०७५
चलानी नं.:-

**मन्तव्य**

मिथिला नगरपालिकाको घोषणा वि.सं. २०७१ साल मंशिर १६ गते भएको हो । यो नगरपालिका मध्यमाञ्चल विकास क्षेत्रमा जनकपुर अञ्चलको धनुषा जिल्लामा अवस्थित छ । ११ वटा वार्ड संख्या रहेको यस नगरपालिकाको क्षेत्रफल १८७.९३ वर्ग किलोमिटर रहेको छ । जम्मा जनसंखया ४५,१६४ रहेको यस नगरपालिकाको पुर्बमा गणेशमान चरनाथ र धनुषाधाम न.पा, पश्चिम महोत्तरी जिल्ला, बटेश्वर गा.पा, उत्तरमा सिन्धुली जिल्ला र दक्षिणमा क्षिरेश्वरनाथ नगरपालिका, बटेश्वर गा.पा रहेको छ । यस नगरपालिकाको भौगोलिक अवस्थित २६ डिग्री ३४ मिनेट १२ सेकंड उत्तरी अक्षांश र ८६ डिग्री ३४ मिनेट १२ सेकंड पुर्वी देशान्तर रहेको छ ।

यस नगरपालिकाको बिभिन्न विकास कार्यक्रमहरु मध्य खानेपानी र सरसफाई एक प्रमुख कार्यक्रम हो । हामी खुला दिशामुक्त र पुर्ण सरसफाइ अभियान प्राथमिकताका साथ संचालन गरिरहा छौं । बिशेष गरी खुला दिशामुक्त अभियानमा खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय,युनिसेफ नेपाल र स्थानिय संघ संस्थाका योगदान निकै महत्वपूर्ण रहेको छ ।

खानेपानीको सवालमा स्वच्छ पिउने पानीको पहुंच एक महत्वपूर्ण चुनौती हो । सरसफाइको हिसावले बाँकी घरहरुमा शौचालय निर्माण,निर्माण भएका शौचालयहरुको सरसफाइ र उपयुक्त प्रयोग,आनी बानीमा परिवर्तन,बिद्यालय तथा संस्थागत सरसफाइ पनि विशेष ध्यान दिनुपर्ने क्षेत्रको रुपमा हामीले पहिचान गरेका छौं ।

युनिसेफ नेपालको सहयोगमा सञ्चालन हुन लागेको सबैका लागि सरसफाइ र खानेपानीमा तिब्रता कार्यक्रम (Accelerating Sanitation and Water for all-ASWA-II) ले हाम्रो प्रयासमा उल्लेखनीय सहयोग पुर्याउने छ भन्ने विश्वास लिएका छौं ।

सबैका लागि सरसफाइ र खानेपानीमा तिब्रता कार्यक्रम संचालनको क्रममा २०७४ साल फागुन १२ गते सम्पन्न भएको सरोकारवालाहरुसंगको अन्तरक्रिया र ब्यापक छलफलबाट प्राप्त भएका सल्लाह र सुझावहरुलाई आत्मसाथ गर्दै तयार पारिएको यो कार्यक्रम कार्यान्वयन योजनाले ५ वर्षको अवधिमा यस नगरपालिकाको समग्र खानेपानी र सरसफाइको अवस्थामा सुधार ल्याउछ भन्ने विश्वास लिएको छु । साथै यो योजना नितान्त नगरपालिकाको भएकोले यसको पूर्ण कार्यान्वयनमा हाम्रो नेतृत्व र लगानी समेत गरिने प्रतिबद्धता पनि ब्यक्त गर्दछु।

अन्त्यमा ,यस नगरपालिकामा सरसफाइ योजना संचालन गर्न र योजना निर्माणमा सहयोग गर्ने युनिसेफ नेपाल, खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय धनुषा, स्थानिय गैर सरकारी संस्थाहरु र अन्य सबै विकास साझेदार संस्था प्रति आभार ब्यक्त गर्दै यो योजना कार्यान्वयन गर्नमा पनि निरन्तर सहयोग हुनेछ भन्ने विश्वास लिएको छु ।

धन्यवाद

.............................
तारा कुमारी वस्नेत
उप प्रमुख

## १. मिथिला नगरपालिकाको संक्षिप्त परिचय

मिथिला नगरपालिकाको घोषणा वि.सं. २०७१ साल मंसिर १६ गते भएको हो । यो नगरपालिका मध्यमाञ्चल विकास क्षेत्रमा जनकपुर अञ्चलको धनुषा जिल्लामा अवस्थित छ। ११ वटा वार्ड संख्या रहेको यस नगरपालिकाको क्षेत्रफल १८७.९४ वर्ग किलोमिटर रहेको छ। जम्मा जनसंखया ४५१६४ रहेको यस नगरपालिकाको पुर्वमा गणेशमान चरनाथ र धनुषाधाम न.पा, पश्चिम महोत्तरी जिल्ला, बटेश्वर गा. पा, उत्तरमा सिंधुली जिल्ला र दक्षिणमा क्षिरेश्वरनाथ नगरपालिका, बटेश्वर गा. पारहेको छ । यस नगरपालिकाको भौगोलिक अवस्थित २६ डिग्री ३४ मिनेट १२ सेकंड उत्तरी अक्षांश र ८६ डिग्री ३४ मिनेट १२ सेकंड पुर्वी देशान्तर रहेको छ।

## २. मिथिला नगरपालिको खानेपानी तथा सरसफाइको अवस्था

नगरपालिका क्षेत्रमा दीगो र व्यवस्थित स्रोत सहितको खानेपानी आपूर्ति प्रणाली विकास हुन सकेको छैन । ट्यूब वेल, इनार नगरवासीको खानेपानीको प्रमुख स्रोतका रुपमा रही आएका छन्। प्रयोगमा रहेका अन्य स्रोतहरूमा निजी धारा, सार्वजनिक धारा तथा मूल र खोलासमेत रहेका छन् । एउटै स्रोतबाट पर्याप्त र नियमित खानेपानी आपूर्तिको सुनिश्चितता नभएका कारण एउटै घरपरिवारले विभिन्न स्रोतबाट खानेपानी आपूर्ति/उपभोग गर्ने गरेको स्थिति छ। खानेपानीका लागि विभिन्न स्रोतहरुको प्रयोग भइरहेको अवस्थामा विभिन्न घरपरिवारको खानेपानीको प्राथमिक स्रोत (सम्बन्धित घरपरिवारको खानेपानीको मुख्य स्रोत) देहाय अनुसार रहेको छ।

**तालिका २. १. खानेपानीको प्राथमिक स्रोत**

| | **मिथिला नगरपालिका** | | |
|---|---|---|---|
| **सि.न.** | खानेपानीको प्राथमिक स्रोत | घर संख्या | प्रतिशत |
| १ | निजी धारा | २०३६ | ३०।८७ |
| २ | ट्यूबेल | ९२३ | १३।९९ |
| ३ | इनार/कुवा (ढक्कन भएको) | २१२ | ३।२१ |
| ४ | इनार/कुवा (खुल्ला) | ३२३६ | ४९।०६ |
| ५ | नदि कुलो नहर पोखरीको पानी प्रयोग गर्ने | २६ | ०।३९ |
| ६ | मुलको पानी प्रयोग गर्ने | ७४ | १।१२ |
| ७ | अन्य | ८९ | १।३५ |
| **जम्मा** | | **६५९६** | |
| | | | **श्रोत : केतवि, २०६८** |

यस मिथिला नगरपालिकामा करीव ३५ प्रतिशत घरमा शौचालय रहेको छ भने ६५ प्रतिशत घरमा शौचालय बन्न बाकी रहेको छ। वडागत रुपमा सरसफाइ तथा हौचालयको सुविधाको अवस्था यस प्रकार रहेको छ।

